नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
EX: पो.ब.नं. :३५८७
सिंहदरबार, काठमाण्डौ
कर्मचारी प्रशासन शाखा

पत्र संख्याः- क.प्र / १४ / १९ /०७५।७६
चलानी नं.:- ८२८
प्राप्त पत्र संख्या र मितिः-

-निजामती कर्मचारीको प्रतिवद्धता : पारदर्शिता र चुस्तता

मितिः २०७५।०४।३०

विषयः स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन कार्यान्वयन सम्वन्धमा ।

श्री प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ७ वटै ।

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ७ वटै ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।३।३२ को निर्णय बमोजिम स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन बमोजिम साविकका क्षेत्रीय वन निर्देशनालय, क्षेत्रीय वन तालिम केन्द्र, जिल्ला वन कार्यालय र जिल्ला भू संरक्षण कार्यालयहरु र ती कार्यालयहरुमा स्वीकृत दरवन्दी समेत संघबाट खारेज भई प्रदेश सरकार मातहत रहने गरी प्रदेश वन निर्देशनालय, प्रदेश वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालयको स्वीकृत संगठन संरचना कार्यान्वयनमा द्विविधा उत्पन्न भएको सम्वन्धमा देहाय बमोजिम निर्णय भएको व्यहोरा नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७५।०४।२९ निर्णयानुसार अनुरोध छ ।

क. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।३।३२ को निर्णय बमोजिम स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन बमोजिम साविकका क्षेत्रीय वन निर्देशनालय, क्षेत्रीय वन तालिम केन्द्र, जिल्ला वन कार्यालय र जिल्ला भू संरक्षण कार्यालयहरु खारेज भएको जानकारी गराई नयाँ स्वीकृत संरचना र दरवन्दी बमोजिम प्रदेश वन निर्देशनालय, प्रदेश वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालय स्थापना, रुपान्तरण, संचालन र व्यवस्थापन गर्न सवै प्रदेशका प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा अनुरोध गरी पठाउने ।

ख. दुईबटा डिभिजन स्थापना भएका जिल्ला र नयाँ स्थापना भएका जिल्लाको हकमा निम्नानुसार गर्ने ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
EX: पो.ब.नं. :३५८७
सिहंदरबार, काठमाण्डौ

पत्र संख्या:-
चलानी नं.:-
प्राप्त पत्र संख्या र मिति:-

१. दुईवटा डिभिजन स्थापना भएका जिल्लाहरुमा कार्यलय व्यवस्थापन नभए सम्म रुपान्तरित डिभिजन वन कार्यालयले नै दुवै डिभिजनको कार्य संचालन गर्ने,

२. नयाँ स्थापना भएका जिल्लाको हकमा रुकुम (पश्चिम भाग) को रुपान्तरित डिभिजन वन कार्यालयले रुकुम (पूर्व भाग) समेतको कार्य संचालन गर्ने र नवलपरासी जिल्लाको हकमा डिभिजन वन कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) ले नवलपरासी (बर्दघाट सुस्ता पूर्व) समेतको कार्य संचालन गर्ने ।

ग. यसपूर्व वन र वन्यजन्तु सम्बन्धी मुद्धाको काम कारवाही वन ऐन, २०४९ बमोजिम जिल्ला वन अधिकृत र जिल्ला वन कार्यालयका कर्मचारीहरुबाट हुदै आएको सन्दर्भमा यस मन्त्रालयको संगठन संरचनामा आएको परिवर्तनका कारण अन्योलको अवस्था सृजना भएबाट अब उप्रान्त अर्को व्यवस्था नभएसम्म वन र वन्यजन्तु सम्वन्धी मुद्धाको काम कारवाही नेपालको संविधानको धारा १५१ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ७ मा व्यवस्था भए अनुसार वन ऐन, २०४९ को दफा ६० बमोजिमको कर्मचारीबाट मुद्धाको अनुसन्धान गरी स्वीकृत सांगठनिक संरचना बमोजिम डिभिजन वन कार्यालयको नामबाट सम्बन्धित जिल्ला अदालतमा मुद्धा दायर गर्ने व्यवस्था मिलाउने ।

२०६५।४।३०
(शम्भु प्रसाद थपलिया)
शाखा अधिकृत

बोधार्थ:
श्री वन तथा भू -संरक्षण विभाग, बबरमहल